मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिरगाँउ, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७२

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१।०१।१९

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

प्रस्तावना

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धि हक, महिलाको हक, वालवालिकाको हकलाई मौलिक हकको रुपमा समावेश गरेको छ । संविधानमा व्यवस्था भएका मौलिक हकहरुको कार्यान्वयनका लागि मोहन्याल गाँउपालिकाले शिक्षा ऐन, २०७९ जारी गरिसकेको छ यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका कक्षा ६-१२ अध्ययनरत छात्राहरुको लैंगिक समस्या, यौनजन्य हिंसा, सिकाइका मनोवैज्ञानिक समस्याहरुको समाधानमा परामर्श तथा अति विपन्त गरिब जेहन्दार परीवारका छात्राहरुलाई शैक्षिक सामाग्री तथा पोशाक वितरण गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार सहित समग्र शैक्षिक स्तर सुधार गर्ने उद्देश्यले गाउँ कार्यपालिकाले छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बनाई लागु गरिएको छ ।

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम छत्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ रहनेछ ।

२) यो कार्यविधि मोहन्याल गाँउ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ ।

३) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) 'कार्यपालिका' भन्नाले मोहन्याल गाउँपालिका सम्झनु पर्दछ ।

(ख) 'अध्यक्ष' भन्नाले गाउँपालिकाका अध्यक्ष सम्झनु पर्दछ ।

(ग) 'उपाध्यक्ष' भन्नाले गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्दछ ।

(घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(ङ) 'शिक्षा अधिकृत' भन्नाले गाउँपालिकाका शिक्षा अधिकृत सम्झनुपर्दछ ।

(च) 'शिक्षा शाखा' भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

(छ) ''विद्यालय' भन्नाले सामुदायिक तथा संस्थागत विद्यालय सम्झनुपर्दछ ।

(ज) 'व्यवस्थापन समिति' भन्नाले विधिवत रुपमा गठित अध्यक्ष, सदस्य र प्र.अ. समेत रहेको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

(झ) 'प्रधानाध्यापक' भन्नाले विद्यालयका प्रधानाध्यापक वा प्रीन्सिपललाई सम्झनु पर्दछ ।

(ञ) 'शिक्षक' भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ ।

(ट) 'छात्रा' भन्नाले संस्थागत र सामुदायिक दुवैखाले विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत किशोर अवस्थाका छात्रा सम्झनु पर्दछ ।

२. लक्ष्यहरूः- यस कार्यक्रमको सञ्चालनले अतिगरीब तथा विपन्न परीवारका जेहन्दार छात्राहरुका लागि शैक्षिक सामाग्री तथा पोशाक वितरणमा सहयोग, निशुल्क शिक्षाको अधिकार कार्यान्वयन,छात्राहरुका यौनजन्य एवम् मनोवैज्ञानिक समस्याहरु समाधान भई विद्यालयको सिकाइ वातावरण सहज हुने र शिक्षण सिकाइमा सुधार भई सिकाइ

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिरगाँउ, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७२

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

उपलब्धिमा उल्लेख्य सुधार हुने लक्ष्य राखिएको छ।

३. उद्देश्यः- यस कार्यक्रमको सञ्चालन पश्चात छात्राहरुका लागि निःशुल्क एवं अनिवार्य शिक्षको अधिकारको प्रत्याभुति हुने, विद्यालयमा तथा अन्य स्थलमा छात्राहरुलाई हुने यौनजन्य हिंसा तथा अन्य कारणबाट हुने मनोवैज्ञानिक समस्याहरु समाधान भई सिकाइ उपलब्धिमा वृद्धि हुनेछ। यसका साथै :

(१) विद्यालयमा अध्ययनरत अति गरीब तथा विपन्न जुन शैक्षिक सामाग्री तथा पोशाकको अभावमा विद्यालय जानबाट बञ्चित रहेका छात्रा तथा किशोरीहरुलाई शैक्षिक सामाग्री एवं पोशाक वितरण लगाउने।

(२) छात्रा तथा किशोरीहरुमा हुने शारीरिक तथा मनोवैज्ञानिक परीवर्तनका समस्याहरु पत्ता लगाउने।

(२) छात्रा तथा किशोरीहरुको समस्याहरु समाधानका लागि मनोवैज्ञानिक परामर्श दिने।

(३) विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा नियमितता गर्ने।

४. छात्रासँग उपाध्यक्ष कार्यक्रम कार्यान्वयन प्रकृया:

(१) अति विपन्न एवं गरीब जेहन्दार एवं अपाङ्ग छात्राहरुको पहिचान गर्ने।

(२) छात्राहरुका समस्याहरु पहिचान गरी समस्याका विषयमा छलफल गरी सम्बोधन गर्ने।

(३) लक्षित वर्गका छात्राहरुलाई शैक्षिक सामाग्री एवं विद्यालयको पोशाक र अपाङ्ग छात्राहरुलाई हिडडुल सामाग्री वितरण गर्ने।

(४) विद्यालयको शिक्षण सिकाइ लगायत समग्र शैक्षिक स्थितिको अनुगमत तथा निरीक्षण गर्ने।

(५) विद्यालयका कक्षाकोठाहरुको शौचालय तथा अन्य भौतिक संरचनाको अनुगमन निरीक्षण गरी छात्रामैत्री नभएमा सुधारका लागि तत्काल सुझाव दिने।

(६) शिक्षक, विद्यार्थीहरु, विशेषगरी छात्राहरुका समस्याहरु बुझी सुधारका लागि गाँउपालिकामा प्रतिवेदन पेश गर्ने।

(७) प्रतिवेदनमा दिएका सुझावहरु लागू गरी शैक्षिक सुधार गर्ने।

(८) छात्राहरुहरुलाई वालअधिकारको जनचेतना अभिवृद्धि गर्ने।

५. कार्यसञ्चालन गर्ने जिम्मेवारीः- छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनको मुख्य जिम्मेवारी मोहन्याल गाउँपालिकाका उपाध्यक्षको समन्वयमा गाउँपालिकाको हुनेछ।

६. कार्यसञ्चालन गर्ने विधिः- गाउँपालिकाबाट स्वीकृत बजेटको परिधी भित्र रहि लागत अनुमानका आधारमा तोकिएको आर्थिक वर्षमा कुन कुन कार्यक्रम कार्यान्वयन गर्न सकिने हो समन्वयमा यससँग उल्लिखित कुनै एक वटा कार्यक्रम अन्तर्गत छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्न सकिनेछ। सञ्चालन गर्न सकिने मुख्य कार्यक्रम तथा कार्यक्रम कार्यान्वयन विधिहरु निम्नअनुसार हुनेछन् :

(१) अति विपन्न गरीब परिवारका छात्राहरुका लागि शैक्षिक सामाग्री एवं पोशाक वितरणः- यस गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयमा अध्ययरत कक्षा ९-१२ अध्ययनरत छात्राहरुको पहिचान विद्यालय मार्फत गरी पालिकामा रहेका विद्यालयबाट स्वीकृत बजेट परीभित्र रहि लागत अनुमान तयार अनुसार के कति छात्राहरुको संख्यामा वितरण गर्न सकिने हो सोहि संख्या एकिन गर्ने, नियमानुसार सामाग्री खरिद गर्ने, विद्यालयको सिफारिसका आधारमा अनुसूचि १ अनुसार भर्पाई तयार गरी एक कार्यक्रम आयोजना गरी वितरण गर्ने। यस कार्यक्रम सञ्चालनका लागि बजेट सूनिश्चितता भए



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

कक्षा ६ देखि माथि अध्ययनरत विपन्न गरीब जेहन्दार छात्रारुलाई लक्षित गरी कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन । उक्त कार्यक्रमलाई प्रभावकारीतका लागि लक्षित वर्गका छात्राहरुको खाता खोल्न लगाई शैक्षिक सामाग्री एवं पोशाक खरिदका लागि खातामा बजेट लागत अनुमानको पैसा निकासा गर्न बाधा पर्ने छैन् ।

(२) विद्यालय तथा कक्षाहरुको प्रत्यक्ष अवलोकन: छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्दा उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत/कर्मचारी, महिला मनोपरामर्शकर्ता महिला तथा बालवालिका शाखा प्रमुख मार्फत सम्बन्धित विद्यालय तथा कक्षाहरुको प्रत्यक्ष अवलोकन गर्न सकिने छ ।

(२) अन्तरक्रिया तथा छलफलः छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्दा उपाध्यक्ष र एकजना महिला सहयोगी वा महिला मनोपरामर्श कर्ता वा महिला बालबालिका शाखा प्रमुख मार्फत छात्राहरुसँग उनीहरुका समस्याहरुका विषयमा प्रत्यक्ष छलफल तथा अन्तक्रिया गरिनेछ । अन्तक्रिया गर्दा बजेट सुनिश्चितताका आधारमा पालिका स्तरमा वा सम्बन्धित विद्यालयका छात्राहरुलाई छुट्टै राखी समस्याहरु मौखिक वा लिखित रुपमा संकलन गरिनेछ । संकलित समस्याहरु अनुसूचि २ र ३ वमोजिमको ढाँचामा प्रतिवेदनको रुपमा गाँउपालिकामा पेश गरीनेछ ।

(३) विद्यालयलको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणः- छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनका गर्दा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, महिला बालबालिका शाखा मार्फत व्यक्तिगत तथा सामूहिक रुपमा सम्बन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगाएत विद्यालयको समग्र पक्षको तथा कक्षाहरुको प्रत्यक्ष अवलोकन गरीनेछ । सो को प्रतिवेदन शिक्षा शाखा मार्फत गाँउपालिकामा पेश गर्नुपर्दछ ।

(४) अतिरिक्त क्रियाकलाप सञ्चालनः- कुनै दिवस पारेर स्वीकृत बजेटको परीधि भित्र रहि पालिका स्तरीय माध्यमिक तहका छात्राहरुलाई सहभागिता हुने गरी वादविवाद प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, हाजिर जवाफ तथा निबन्ध लेखन जस्ता कार्यक्रम पनि सञ्चालन गर्न सकिनेछ ।स्वीकृत बजेटको परिधिभित्र रहि आधारभुत तह कक्षा ६-८ का छात्रा सहभागि हुन सक्नेछन् । उक्त कार्यक्रममा छात्रा लक्षित वा छात्राको शैक्षिक, शारिरीक, मनोवैज्ञानिक विकास एवं हिंसा न्यूनिकरणका विषयवस्तुमा आधारित भई कार्यक्रम सञ्चालन गरिनेछ ।

(५) अपाङ्ग छात्राहरुका लागि हिडडुलमा सहयोगी सामाग्री वितरणः- यस गाउँपालिकामा सञ्चालित विद्यालयमा ९-१२ मा अध्ययनरत शारिरीक रुपमा अपाङ्ग विद्यार्थीलाई हिडडुलमा सहयोगी सामाग्री वितरण गर्न सकिनेछ । उक्त विवरण विद्यालयबाट प्राप्त गर्न सकिने छ ।बजेट सुनिश्चितताका आधार हेरी तल्लो कक्षामा अध्ययनरत अपाङ्ग छात्राहरुका लागि पनि सामाग्री वितरण गर्न बाधा पर्ने छैन् ।

७. विद्यालयले सहयोग गर्नुपर्ने

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनका लागि यस कार्यविधिले निर्देश गरे अनुसार विद्यालयले तोकिएको विवरण दिने, कार्यक्रम सञ्चालनमा सहयोग गर्नु पर्नेछ ।

८. गोपनीयता सम्बन्धि व्यवस्थाः-

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनको क्रममा भएका छलफल अन्तरक्रिया कुराकानी तथा सूचनाहरु (स्यानेटरी प्याडको प्रयोग तथा व्यवस्थापन, शारिरीक तथा मानसिक परिवर्तनका समस्या, एवं मनोवैज्ञानिक परामर्श) पूर्णतया



मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमडी, कैलाली

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

गोप्य रहनेछन् । छलफल तथा अन्तर क्रियामा दिइएका सूचना तथा जानकारीका आधारमा सम्बन्धित सुधार उन्मुख सुझाव वा निर्देशन दिइनेछ । उक्त सुझाव सम्बन्धित पक्षले कार्यान्वयन गर्नु पर्नेछ । गोपनियताका विषयमा परामर्श तथा सोधपुछका लागि उपाध्यक्षले महिला बालबालिका शाखा तथा महिला जनप्रतिनिधि एवं अन्य व्यक्तिको सहयोग लिन सक्नेछन् ।

९. कार्यक्रम पछिको अवस्था विश्लेषण:

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन पछि मोहन्याल गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, महिला मनोपरामर्श कर्ता / महिला तथा बालबालिका शाखा प्रमुखको प्रत्यक्ष संलग्नतामा छात्राहरुले भोग्नुपरेका मनोवैज्ञानिक समस्या, यौन हिंसा तथा सम्बन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकालप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगायत विद्यालयको समग्र पक्षको तथा कक्षाहरुको गहन विश्लेषण र छलफल पछि सम्बन्धित समस्याहरुका सुधारका व्यवहारिक उपायहरु सुझाउने प्रयत्न गरिनेछ ।

१०. सम्बन्धित विद्यालयलाई निर्देशन दिने:

छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालनका पछि मोहन्याल गाँउपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, महिला मनोपरामर्श कर्ता / महिला तथा बालवालिका शाखा प्रमुखको प्रत्यक्ष संलग्नतामा गाँउपालिका कार्यालयमा छात्राहरुले भोग्नुपरेका मनोवैज्ञानिक समस्या, यौन हिंसा तथा सम्बन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगायत विद्यालयको समग्र पक्षहरुको गहन विश्लेषण, छलफल पछि सम्बन्धित समस्याहरुका सुधारका व्यवहारिक उपायहरु अपनाउन सम्बन्धित विद्यालयलाई आवश्यक निर्देशन दिन सकिनेछ ।

११. निर्देशन लागु भए नभएको पुनः अनुगमन गर्ने

(१) छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन पछि मोहन्याल गाँउपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत महिला मनोपरामर्श कर्ता / महिला तथा वालवालिका शाखा प्रमुख मार्फत प्रत्यक्ष रुपमा सम्बन्धित विद्यालयका छात्राहरुले भोग्नुपरेका मनोवैज्ञानि समस्या, यौन हिंसा तथा सम्बन्धित विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप, विद्यालयको भौतिक पक्ष, विद्यालय वातावरण सरसफाई लगायत विद्यालयको समग्र पक्षको सुधारको व्यवहारिक उपायहरु अपनाएको नअपनाएको संबन्धमा पुनः विद्यालयको अनुगमन तथा सुपरीवेक्षण निरन्तर गरिनेछ ।

(२) निर्देशन दिनु अघि सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष सँग आवश्यक छलफल गरिनेछ ।

१२. विविध

(क) छात्रासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा सहभागि अथिति तथा सहभागि विद्यार्थीलाई स्वीकृत बजेटको परिधीभित्र रहि लागत अनुमानका आधार अनुसार आतेजाते, खाजा खर्च उपलब्ध गराउन सकिनेछ ।

(ख) छात्रा छनौट विद्यालयको सिफारिसका आधारमा हुनेछ । गरिबको हकमा गरिब परिचय पत्र भएको, परिचय पत्र नभए वडाको सिफारिस वा सम्बन्धित विद्यालयको सिफारिस, जेहन्दारको हकमा विद्यालयको सिफारिस तथा अध्ययनरत भन्दा अघिल्लो कक्षाको ग्रेड सिट वा लब्धाङ्क प्रमाण पत्र, अपाङ्गको हकमा अपाङ्ग परिचय पत्र आदी सहित सम्बन्धित विद्यार्थीको निवेदन ।

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

## अनुसूची १

### छात्रासँग उपाध्यक्ष कार्यक्रम

### वितरण गर्न सकिने शैक्षिक सामाग्रीहरुको विवरण

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

१. कापी
२. कलम डटपेन
३. झोला
४. प्रयोगात्मकका लागि practice book
५. विद्यालयको तोकिएको पोशाक

### शैक्षिक सामाग्री बुझाएको भर्पाईको नमुना

| क्र.सं. | छात्राको नाम थर | अध्ययनरत विद्यालय | अध्ययनरत कक्षा | सामाग्रीको नाम | थान | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

बुझाउनेको नामः............................... पद.............................
मितिः-.....................................

रोहवर

१.......................................
२.......................................
३.......................................

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २

विद्यालयगत स्थलगत अनुगमन प्रतिवेदन

१. विद्यालयको विवरण

१.१ विद्यालयको नाम, ठेगाना श्री.......................................................................

१.२ प्रधानाध्यापकको नाम :...........................................सम्पर्क नं............

१.३ विद्यालयमा सञ्चालित कक्षा...... जम्मा विद्यार्थी संख्या: छात्र..........छात्रा..........

१.४ शिक्षक संख्या.......................महिला शिक्षक संख्या.........

१.५ छात्रा शौचालय संख्या :...............................................

२. अनुगमन मिति.................... समय अवधि:..... बजेदेखि...................सम्म

३. अनुगमनको उद्धेशय:

(१) छात्रा तथा किशोरीहरुले विद्यालयमा भोग्नु परेका समस्याहरु पत्ता लगाउने।

(२) छात्रा तथा किशोरीहरुको समस्याहरु समाधानका लागि मनोवैज्ञानिक परामर्श दिने।

(३) विद्यालयको शिक्षण सिकाइ वातावरण सुधार गर्ने।

(४) विद्यालय समग्र पक्षको निरीक्षण तथा अनुगमन पश्चात कमीकमजोरीहरु पत्ता लगाइ सुधारका लागि प्रयत्न गर्ने।

(५) छात्राहरुका समस्याका कारक (पिडक) पक्ष पत्ता लगाई आवश्यक संवाद र समन्वय गर्ने

(६) विद्यालयको शिक्षण सिकाइ तथा भौतिक पक्षको सुधारको योजना बनाई कार्यान्वयन प्रयत्न गर्ने।

४. कार्यक्रमको विवरण विद्यालयमा छात्राहरुले भोग्नु परिरहेका आन्तरिक समस्याहरु पहिचान गरी समाधानका उपाय खोजी गर्नुका साथै सहज सिकाइ वातावरण निर्माणका लागि विद्यालयको समग्र पक्षको अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

५. अन्तरक्रिया / छलफल सम्वन्धि विवरण

५.१ अन्तरक्रियामा संलग्न पदाधिकारीहरु

(क)

(ख)

(ग)

५. २. सहभागी छात्राको विवेरण

(क) कूल सहभागी छात्रा संख्या.................(ख) छात्राहरुको अध्ययनरत कक्षा देखि... सम्म

(ख) अन्तरक्रिया सम्बन्धमा सहभागी छात्राहरुको प्रतिक्रियाः उपयुक्त (...) . ठीकै (...) अन्यः..

५.३. सहभागी वि.व्य.स./ प्र.अ. / शिक्षक संख्या :.............................

५.४ अन्तरक्रिया सम्बन्धमा प्र.अ. / शिक्षकहरुको दृष्टिकोण

(क)......................................................................................

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिमडी, कैलाली सुदूरपश्चिम प्रदेश २०७४

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिग्रडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

(ख)..............................................................................................

६. पहिचान गरिएका (छात्राहरुका) मुख्य मुख्य समस्याहरुः-

..............................................................................................................

..............................................................................................................

७. मुख्य समस्याको प्रकृति ( रेजा लगाउने)

७.१ व्यक्तिगत समस्याको कारक

(क) यौनजन्य हिंसा (ख) मादक पदार्थ सेवन (ग) लागु औषद दुर्व्यसन
(घ) सुर्तिजन्य पदार्थ सेवन (ङ) सेनिटरी प्याड व्यवस्थापन (च) छात्रा मैत्री शौचालय
(छ) शिक्षकको व्यवहार (ज) साथीहरुको व्यवहार (ञ) समय व्यवस्थापन
(ट) मोबाईल फोनको प्रयोग

७.२ शिक्षक र शिक्षण सिकाइसँग सम्बन्धित समस्याहरुः

(क) शिक्षकको समय व्यवस्थापनः (अ) कक्षामा ढिला गरी आउने (आ) पुरा समय कक्षामा नवस्ने
(इ) नियमित रुपमा कक्षामा नआउने

(ख) गृहकार्य नदिने

(ग) गृहकार्य दिने तर परीक्षण नगर्ने

(घ) गाली गलौज (बुलिङ) गर्ने

(ङ) मानसिक यातना दिने

(च) शारिरीक यातना दिने

(छ) अतिरिक्त क्रियाकलापमा सहभागितामा भेदभाव

(ज) सामाजिक संजालको दुरुपयोग

८. समस्याको पहिचान पश्चात समाधानका लागि स्थलगतरुपमा गरिएका प्रयासहरुः-

..............................................................................................................

..............................................................................................................

९. पहिचान गरिएका समस्याहरुको दीर्घकालिन समाधानका लागि सुझावः-

..............................................................................................................

..............................................................................................

पहिचान गरिएका समस्याहरुका पिडित पक्षको व्यक्तिगत गोपनियता कायम हेर्नका लागि सो संग सम्बन्धित विवरण छुट्टै संलग्न गरिएको छ ।

मिति :

मोहन्याल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिग्रडी, कैलाली
सुदूरपश्चिम प्रदेश
२०७३



भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

### छात्रासँग उपाध्यक्ष कार्यक्रम

### अनुगनमबाट प्राप्त छात्राहरुका समस्याहरुको समष्ठिगत विवरण

| क्र.सं. | स्थलगत अनुगमनबाट प्राप्त छात्राहरुका समस्याहरु | कारक तत्व / पीडक | समाधानका लागि स्थलगत रुपमा गरिएको प्रयास | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुगमन अवधिः

अनुगमनमा अपनाइएका प्रमुख विधिहरु.............................................................................................

प्रमुख समस्याको दीर्घकालिन समाधानका लागि सुझाव..................................................................

....................................................................................................................................................

अनुगमनमा संलग्न व्यक्तिहरु

(१).........................................................................................................................................

(२).........................................................................................................................................

(३).........................................................................................................................................

(४).........................................................................................................................................

भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत